**Academic Voices**
**A Multidisciplinary Journal**
**Volume 4, No. 1, 2014**
**ISSN 2091-1106**

# लघुतम कविता । मुक्तक

**बलराम दाहाल**

**नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., ठाकुर राम बहुमुखी क्याम्पस, वीरगञ्ज, नेपाल**

**सार**

*लघुतम कविता । मुक्तक साहित्यका विभिन्न विधा मध्ये कविता विधाको लघुतम रुप हो । यसले पाठकलाई छोटो मिठो तरिकाले मनोरञ्जन र सन्देश दिन्छ । यस सानो लेखमा त्यसैको बारेमा संक्षिप्त चर्चा गर्ने प्रयास गरिएको छ । यसबाट मुक्तकसम्बन्धी केही संक्षिप्त जानकारी र विशेष रुपमा त्यससम्बन्धी जिज्ञासा जाग्ला भन्ने अपेक्षा गरिएको छ ।*

**मुख्य**

*साहित्य; कविता; मुक्तक; छन्द; पद्य; गद्य*

## परिचय

साहित्यका विभिन्न विधाहरुमध्ये कविता विधा पनि एक हो। यो पद्य र गद्य दुवै हुन्छ। वार्णिक, मात्रिक आदि छन्दमा लेखिएको र लय हालेर पढ्न मिल्ने खालको कविता पद्य र मुक्त छन्दमा लेखिएको र अन्तर्लयात्मकता भएको कवितालाई गद्य कविता भनिन्छ।

पद्य र गद्य दुबै खाले कविताका विभिन्न रुप हुन्छन्। संरचना। स्वरुपका आधारमा कविता लघुतमदेखि। वृहत्तर। वृहत्तम रुपसम्मका हुन्छन्। त्यस्ता रुपहरुमध्ये कविताको सबैभन्दा सानो रुप लघुत्तम रुप हो। यसलाई "मुक्तक" भन्ने चलन छ।

यसभन्दा माथिल्लो एकाइ लघुरुप। फुटकर कविता हो। लघुतम रुपको प्रष्ट पहिचानका लागि लघुरुप। फुटकर कवितासँग तुलना गर्न सकिन्छ। दुवैका बीच तुलना गर्दा लघुतम रुप सेकेन्ड जस्तो हो भने लघुरुप मिनेट जस्तै हो। लघुतम शीत-विन्दु हो भने लघुरुप एक दर्को पानी हो। लघुतम रुप एक सर्को चुरोट तनाइ हो भने लघु रुप सिङ्गो एक खिल्ली चुरोट हो (आचार्य, २०६७)। कुनै पनि विषयवस्तुसम्बन्धी कविको क्षणिक अनुभूतिको क्षणिक अभिव्यक्ति लघुतम कविता। मुक्तक हो। यो चार हरफसम्मको हुन्छ।

## मुक्तकका विविध रूप

कविताका विविध रुप भए जस्तै संरचना। स्वरुपका आधारमा मुक्तकका पनि विविध रुप हुन्छन्। विभिन्न भाषाका साहित्यमा मुक्तकका नाम, भेद र स्वरुप हुन्छन्। जापानी भाषामा हाइकु, ताङ्का लेख्ने चलन छ। यसलाई जापानी काव्य लेखन शैलीमा मौलिक शैली मानिन्छ। आचार्य (२०६७) का अनुसार ताङ्का पाँच हरफमा लेखिने ३१ अक्षरे सूत्रात्मक कविता देखापर्छ। सुकुम शर्मा (२०६४) का अनुसार ताङ्का पाँच हरफमा लेखिने र पहिलो हरफमा ५, दोस्रोमा ७, तेस्रोमा ५, चौथोमा ७ र पाँचौंमा ७ हुने संरचनात्मक आयाम भएको पूर्ण कविता हो (आचार्य, २०६७)। संरचना। स्वरुपका दृष्टिले हाइकु, ताङ्का कविताको लघुतम रुप। मुक्तकको समकक्षी देखिन्छ।

मुक्तक, हाइकु, तङ्काभन्दा पनि सानो संरचनाको कविता पनि लेखेको पाइन्छ। नौलो प्रयोगका रुपमा यस्तो कविता

लेखेको पाइन्छ। यो एक हरफे कविता हो। यो आफैमा पूर्ण संरचना भएको र पूर्ण भाव अभिव्यक्त गर्ने खालको कविता मानेको देखिन्छ। २०४३ फागुन २३ देखि इलामबाट नेपाली कविले यसको शुरुवात गरेका हुन्। यसको उद्देश्य एक हरफे कविताको रचना गर्नु हो वा एउटा पूर्ण विराम भित्रै एक पङ्तिमा कविताको केन्द्रीय र मूल भावलाई पूर्णता दिनु हो (आचार्य, २०६७)।

यस लेखन आन्दोलनले मुक्तक, सूक्ति, हाइकु, ताङ्काभन्दा भिन्न किसिको संरचनात्मक आग्रह र भावाविव्यक्तिको आशा राखी कविताको नयाँ स्वरुपको खोजी गर्ने प्रयत्न गरेको देखिन्छ। यसको संरचना। स्वरुप उखान जस्तै एक हरफको भए पनि यसले आफूलाई उखानभन्दा भिन्न मुक्तक, सूक्ति, हाइकु, ताङ्का भन्दा पनि भिन्न सिद्ध गर्न खोजेको देखिन्छ।

नेपाली कविताको क्षेत्रमा नौलो प्रयोगका रुपमा देखिए पनि यसले आफूलाई प्रभावशाली आन्दोलन र वादको रुपमा स्थापित गर्न सकेको चाहि देखिँदैन। कविताको नमुना चाहिँ यस्तो छ :

"साँझ परेपछि उसले बत्ती सल्काएर राख्यो।"

-0-

"सुन र मुखमा कुभिण्डो खाँदेर हेर।"

-0-

## मुक्तकको उद्देश्य

मान्छे थोरै परिश्रमबाट धेरै चाहन्छ। यो उसको स्वभाव हो। धेरै परिश्रम पछि केही पाउनुमा सन्तुष्टि भए पनि कामको तुलनामा उपलब्धि नगण्य मानिन्छ। त्यसैले मान्छे "छोटो मिठो" र थोरैमा धेरै चाहन्छ। मान्छेको यस्तो चाहना पूरा गर्न मुक्तक महत्वपूर्ण सिद्ध हुन्छ। मनोरञ्जन, व्यंग्य, उपदेश, सामाजिक सुधार आदिका लागि मुक्तक लेखिन्छ। प्राचीन कालदेखि चलि आएका उखान टुक्काहरु सूत्रात्मक हुन्छन्। तिनबाट मान्छेले गहन ज्ञान त प्राप्त गर्छन् तर मुक्तकले जस्तो मनोरञ्जन चाहिँ दिँदैनन्। मुक्तकले मनोरञ्जनका साथ थोरैमा धेरै दिन्छ।

वास्तवमा एक सुन्दर कलाको विशेषता पनि यही हो। संस्कृत साहित्यमा आफ्नो एकमात्र रचनाबाट साहित्यको श्रेणीमा मूर्धन्य स्थान लिने अश्वघोष, शूद्रक आदि कवि तथा नाटककार देखापर्दछन्। अँग्रेजी साहित्यमा पनि मिल्टन, कीट्स जस्ता थोरै लेखेर धेरै दिने........, अझ जीवनको प्रथम चरणमै मर्ने कवि कीट्सले मूलतः ४-५ ओटा कविताद्वारा नै अंग्रेजी साहित्यमा महान् योगदान दिएका छन् (त्रिपाठी, २०३४)।

लघुत्तम कविता/ मुक्तक, संरचना/ आकारका दृष्टिले साह्रै सानो भए पनि आफैमा पूर्ण संरचना भएको र एउटा पूर्ण अभिव्यक्ति दिन समर्थ हुन्छ। यसको उद्देश्य संख्यात्मक भन्दा गुणात्मक रुपमा केही दिनु हो। सानै भए पनि हीरा, मोती मिष्ठभाषी शिशु, मुटु आँखाको नानी महत्वपूर्ण हुन्छन्। धेरै लेख्ने लर्ड म्याकाले भन्दा थोरै लेख्ने कालिदासको साहित्यिक योगदान महत्वपूर्ण छ (देवकोटा, २००२)।

मुक्तकले थोरैमा पनि मानिसको धेरै तल-तल मेटाउने काम गर्छ। यसले अरुप्रति र झट्ट हेर्दा आफैप्रति पनि व्यंग्य गरेको हुन्छ। सामाजिक विकृति एवं विसंगतिप्रति तीखो व्यंग्य वाण प्रहार गरी सुधारको सन्देश दिन्छ। उदाहरणकालागि यो मुक्तक हेरौँ -

केही लेख्छन् यसो हेर्छन् चित्त बुझ्दैन अनि केर्छन्।  
पुनः लेख्छन् पुनः हेर्छन् लामो सास फेर्छन कठैवरा,  
विचरा "भुपी" शेरचन।  
(शेरचन, २०४६)

## नेपाली साहित्यमा मुक्तक

नेपाली कविताको इतिहासमा लघुतम कविता। मुक्तक लेखनको प्रचलन नेपाली कविताको प्राथमिक कालदेखि नै पाइन्छ। भानुभक्तले जेलजीवन बिताइरहेको बेला "रोज् रोज् दर्शन पाउँछु...." छन्दोबद्ध चार हरफे मुक्तक लेखेर तत्कालीन सरकार, शासन व्यवस्था, जेलको दयनीय अवस्था प्रति तीखो व्यंग्य वाण प्रहार गरेको पाइन्छ। त्यस्तै मोतीराम भट्टले "क्वै एक सुन्दरीलाई.....,....., चार हरफे मुक्तकद्वारा पुरुष र नारीबीचको श्रङ्गारिक भाव प्रस्तुत गरेका छन्। कवि शिरोमणि लेखनाथ पौड्यालले मुक्तककै रुपमा "यो दुःख भोग्ने परमेश्वरै हो........, (आखिरी कविता) लेखेर ईश्वर आत्मा एवं मृत्युसम्बन्धी गहन भाव प्रस्तुत गरेका छन्। त्यस्तै भुपीले (माथि भने झैँ) आफ्ना मुक्तकद्वारा सामाजिक, राजनीतिक, प्रशासनिक, साहित्यिक आदि क्षेत्रमा देखिएका विकृति विसंगतिप्रति मुटु छेड्ने गरी व्यंग्य वाण प्रहार गरेका छन्। कविले भन्न खोजेको कुरो छोटो मिठो तरिकाले भन्न पाइने हुनाले र पाठक वर्गका लागि पनि थोरै समयमा थोरैबाट मनोरञ्जन र विविध सन्देश प्राप्त हुने भएकाले मुक्तक अचेल निक्कै लोकप्रिय बन्दै गएको छ।

मुक्तक लेखन दिनानुदिन बढ्दै गएको पाइन्छ।

## मुक्तक समकक्षी फुटकर कविता

नेपाली कविताका क्षेत्रमा कतिपय कविका फुटकर कविता पनि संरचना। स्वरुपका दृष्टिले मुक्तक समकक्षी पाइन्छन्। भुपीका कतिपय फुटकर कविता यस्तै खालका पाइन्छन्। उदाहरणका रुपमा भुपीको "असार" कवितालाई लिन सकिन्छ। यो कविता फुटकर कविताको श्रेणीमा राखिएको भए पनि संरचना। स्वरुपका दृष्टिले मुक्तक समकक्षी देखिन्छ। मुक्त लयमा लेखिएको यस कवितामा जम्मा ५९ शब्द छन्। तिनलाई २१ हरफमा विभाजित गरिएको छ। एक शब्दका ३ , २ शब्दका ५, ३ शब्दका २, ४ शब्दका ४, ५ शब्दका २ र ६ शब्दको १ गरी जम्मा २१ हरफ छन्। सिङ्गै कवितामा यौटा मात्र समापिका क्रियाको प्रयोग भएको छ। यस आधारमा सिङ्गै कविता एउटा वाक्यमा संरचित छ। त्यसैले यस कवितालाई एउटै वाक्यमा लेखिएको मुक्तक समकक्षी फुटकर कविता मान्न सकिन्छ।

## निष्कर्ष

मुक्तक कविताका विविध रुपमध्ये लघुत्तम रुप हो। लेखन प्रक्रिया, स्वरुप। संरचनाका आधारमा यसका पनि विविध नाम, रुप र भेद छन्। यसको उद्देश्य छोटो मिठो तरिकाले मनोरञ्जन र सन्देश दिनु हो। नेपाली कविताको क्षेत्रमा प्राथमिक कालदेखि नै मुक्तक लेखनको परम्परा भेटिन्छ। वर्तमान समयमा यो झन-झन व्यापकरुपमा मौलाउन थालेको पाइन्छ। अभिव्यक्तिको लोकप्रिय माध्यम बन्दै गएको छ। लघु/ फुटकर कविता पनि संरचना/ आयामका दृष्टिले मुक्तक समकक्षी पाइन्छन्। तिनीहरुले पनि मुक्तकले जस्तै चोटिलो, पोटिलो अभिव्यक्ति प्रकट गरेका छन्।

## सन्दर्भ सामग्री

आचार्य, कृष्णप्रसाद (२०६७), *नेपाली कविता र काव्य,* कीर्तिपुरः क्षितिज प्रकाशन।

देवकोटा, लक्ष्मीप्रसाद (२००२), *लक्ष्मी निबन्ध संग्रह,* काठमाण्डौः साझा प्रकाशन।

शेरचन, भुपी (२०४६), *घुम्ने मेचमाथि अन्धो मान्छे,* काठमाण्डौः साझा प्रकाशन।

त्रिपाठी, बासुदेव (२०३४), *कवि माधव घिमिरेका काव्य प्रवृत्ति "काली गण्डकी"* कविताका केन्द्रीयतामा, कृष्णचन्द सिंह प्रधान (सम्पादक), *साझा समालोचना,* काठमाण्डौः साझा प्रकाशन।